भगवतीमाई गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

पगनाथ, दैलेख

## प्राविधिक सहायक करारमा पदपुर्ति गर्ने सम्वन्धि सूचना

(प्रथम पटक प्रकाशित मिति : २०७७।०४।१६

प्रस्तुत विषयमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) को प.स.२०७७।०७८ च.न. २३ मिति २०७७।०४।१२ को पत्रानुसार यस भगवतीमाई गाउँपालिकामा सञ्चालित रोजगार सेवा केन्द्रको लागि आवस्यक प्राविधिक सहायक पद करारमा पदपूर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ दिन भित्र माग बमोजिमका विवरण र राजश्व तिरेको रसिद सहित यस कार्यालयमा निवेदन दिनुहुन अनुरोध छ।

| क.स. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | ०१/२०७७-०७८ | प्राविधिक सहायक | स्थानीय सेवाको पाँचौ तह सरह | १ (एक) |

१. आवस्यक न्यूनतम योग्यता र अनुभव :

(क) सिभिल इन्जिनियरिङमा प्रविणता प्रमाणपत्र तह वा ओभरसियर वा डिप्लोमा तह उत्तीर्ण भएको

(ख) अनुभव र सीप : प्राविधिक सहायकमा देहायको अनुभव र सीप आवश्यक पर्नेछ।

- कम्तिमा ३ महिनाको तालिम लिई आधारभूत कम्प्यूटर सीप भएको,
- पूर्वाधारको निर्माण र मर्मतका लागि आयोजनाको लागत अनुमान, सुपरिवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने, आयोजनाको लक्ष्य र परिणाम हासिल गर्न टोलिमा काम गरेको अनुभव, पारस्परिक सम्वन्ध सम्वन्धि सीप सहितको कम्तीमा ६ महिनाको अनुभव भएको।

(ग) उमेर : कम्तिमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको

२. दरखास्त दिने स्थान : भगवतीमाई गाउँ कार्यपालिकाको कार्यालय

३. दरखास्त दिने अन्तिम मिति : मिति २०७७।०४।३० सम्म

४. आवेदन दस्तुर रु.४०० मात्र

५. छनौटको किसिमः प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र लिखित परीक्षा

६. आवेदन साथ संलग्न कागजातहरुः आवेदक स्वयंमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरु

- नेपाली नगरिकता प्रमाणपत्रको प्रतिलिपि
- न्युनतम योग्यताको लब्धांक प्रमाणपत्र
- चरित्रिक प्रमाण पत्र
- अनुभव खुल्ने कागजात
- २ प्रति पासपोर्ट साईजको फोटो

७. सेवा सुविधा : गाउँपालिका मा प्राविधिक सहायक पदपूर्ति सम्वन्धि प्रक्रियाको दफा (११), (१२), र (१३) बमोजिम हुनेछ।

८. पदले सम्पादित गर्नुपर्ने कार्यविवरण : गाउँपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्वन्धि प्रक्रिया को दफा (९) बमोजिम हुनेछ।

**नोट : प्राविधिक सहायक पदको आवेदनको ढाँचा यस कार्यालयको वेवसाईट www.bhagawatimaimun.gov.np र कार्यविवरण लगायत अन्य जानकारी www.pmep.gov.np मा उपलब्ध छ।**

प्रमुख प्रशासकीय अधिकृत